नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

प.सं. ०७७/०७८

मितिः २०७७।६।२९

## चाडपर्वको अवसरमा सावधानी अपनाउन जारी गरिएको निषेधाज्ञा।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को संक्रमण यस जिल्लामा समेत वढ्दो क्रममा रहेकोले वडादशै, तिहार, छठ जस्ता ठुला चाडपर्वहरु नजिकिएको समयमा मानिसहरुको आवागमन तथा जमघटका कारण संक्रमणको जोखिम रहेकोले देहाय बमोजिम निषेधाज्ञा जारी गरिएको छ।

१. नजिकिदै गरेको महान चाड वडा दशैमा घटस्थापना देखि नवमी सम्म विभिन्न शक्ति पिठ तथा मन्दिरहरुका साथै स्थापना गरिने दुर्गा भगवतीको पण्डालमा सर्वसाधारणहरुको भिड अत्याधिक हुने भई कोरोना संक्रमणको फैलिदो जोखिमलाई मध्यनजर गर्दै सवै शक्ति पिठ तथा मन्दिरहरुमा नित्य पूजा वाहेक दर्शनका लागि जमघट नहुने, चाडपर्व मनाउदा एकाघरमा बसोबास गर्दै आएका परिवारका सदस्यहरुको वीचमा मात्र मनाउने, अनावश्यक हिडडुल नगर्ने, भेला जमघटमा नजाने, जात्रा तथा मेलाहरु आयोजना नगर्ने साथै त्यस्ता क्रियाकलापमा सहभागी नहुने,घरमै बसी पुजा-आजा गर्ने र स्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गर्ने।
२. चाडपर्वको अवसर पारेर कुनै पनि राजनीतिक दल, संघ संस्था, क्लव, समुह तथा सञ्जालहरुले भेला जम्मा भई गरिने शुभकामना आदान प्रदान, देउसी भैलो, खेलकुद लगायतका क्रियाकलाप सञ्चालन नगर्ने।
३. अवैध मदिरा उत्पादन, बिक्रि वितरण तथा उपभोग नगर्ने। मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, हो-हल्ला गर्ने र तिव्र गतिमा सवारी साधन चलाउने जस्ता कार्य नगर्ने।
४. चाडपर्वको अवसरमा जुवा तास र गैर कानूनी रुपमा चिठ्ठा नखोल्ने तथा कहि कतै त्यस्ता क्रियाकलाप भएको भएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउने।
५. राजमार्ग छेउछाउमा खुला रुपमा दुषित खाद्यपदार्थ विक्रि वितरण नगर्ने। त्यस्ता स्थानमा राखिएका स्वास्थ्यलाई नकारात्मक असर पर्ने सामान खरिद तथा उपयोग नगर्ने।
६. पटाका, आतिसवाजी लगायतका विष्पोटक पदार्थ ओसार पसार तथा प्रयोग नगर्ने।
७. ध्वनी प्रदुषण हुने गरी चर्को स्वरमा माईक नवजाउने।
८. राजमार्ग लगायत कुनै पनि स्थानमा सवारी साधन अवरोध गरी चन्दा तथा सहयोग संकलन नगर्ने।
९. धार्मिक, सामाजिक, सांस्कृतिक सदभाव विथोल्ने गतिविधिहरु नगर्ने। एक आपसी सदभाव कायम गर्ने।
१०. प्रमुख जिल्ला अधिकारीबाट मिति २०७७।०६।१३ गते जारी भएको निषेध आदेश यथावत कायम गरिएको छ।

2077 6/29
राम कुमार महतो
प्रमुख जिल्ला अधिकारी